# प्रेस विज्ञप्ति

"दिगो वन व्यवस्थापनका लागि वन सम्बर्धन"

## प्रथम राष्ट्रिय वन सम्बर्धन कार्यशाला गोष्ठी

८-१०, फाल्गुन, २०७३, काठमाण्डौ

वन विभागले वनसंग सरोकार राख्ने सरकारी तथा गैर सरकारी निकायहरुको सहकार्यमा "दिगो वन व्यवस्थापनको लागि वन सम्बर्धन" भन्ने नाराको साथ तीन दिने प्रथम राष्ट्रिय वन सम्बर्धन कार्यशाला गोष्ठी काठमाण्डौको पार्क भिलेज रिसोर्ट बुढानिलकण्ठमा संचालन भएरहेको छ । गोष्ठीका प्रमूख अतिथि माननीय वन तथा भू-संरक्षण मन्त्री शंकर भण्डारीज्यूले चाँपको बिरुवामा जल सिंचन गरी गोष्ठीको उद्घाटन गर्नु भएको थियो । उक्त गोष्ठीको अवसरमा माननीय वन तथा भू-संरक्षण मन्त्रीज्यूले "वन अनुसन्धान रणनीति २०७३" समेत विमोचन गर्नु भयो ।

गोष्ठीको उद्घाटन सत्रमा प्रमूख अतिथि ज्यूले सबैलाई निर्भय भई वन व्यवस्थापनको कार्यमा लाग्न र परीणाममूखी हुन निर्देशन दिनु भएको छ साथै वन संरक्षण, सम्बर्धन र व्यवस्थापन कार्यमा कुनै किसीमको वाधा अडचन आए समाधान गर्ने र वन मन्त्रीको पदबाट बाहीरीए पनि वन विकासको पक्षमा पैरवी गरी रहने प्रतिवद्धता जनाउनु भएको छ ।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रभू बुढाथोकी, वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमा, साझेदारी वन उपभोक्ता महासंघका सहअध्यक्ष श्री राधेश्याम शिवाकोटी, सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष श्री गणेश कार्की, वन प्राविधिक संघका उपाध्यक्ष डा. सिन्धु प्रसाद ढूंगाना, भू तथा जलाधार संरक्षण विभागका महानिर्देशक श्री विजयराज पौडेल, पूर्व वन सचिव डा.स्वयम्भूमान अमात्य लगायतका अतिथिहरुले गोष्ठीमा शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

वन विभागका उप-महानिर्देशक श्री हेमलाल अर्यालले गोष्ठीमा उपस्थित हुनु भएका सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नु भयो । गोष्ठी उद्घाटन सत्रको अध्यक्षता वन विभागका महानिर्देशक श्री कृष्णप्रसाद आचार्यले गर्नु भएको थियो ।

यस गोष्ठीमा वन व्यवस्थापन र वन सम्बर्धन, शासकीय तथा संस्थागत प्रवन्ध र पारिस्थीतिकीय सेवा सम्बन्धी विषयगत क्षेत्रसंग सम्बन्धित ६० वटा प्रस्तुती र २० वटा पोष्टरको प्रदर्शन हुनेछन । यो गोष्ठीमा १० जना विदेशी सहित १५० जनाको सहभागिता रहेको छ । वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रपति चुरे तराई मधेश विकास संरक्षण समिति, रेड कार्यान्वयन इकाई, क्षेत्रीय वन निर्देशक, जिल्ला वन अधिकृत, क्षेत्रीय वन तालीम केन्द्र, सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता महासंघ, कबुलियती वन उपभोक्ता महासंघ, हरियो वन कार्यक्रम, फरेष्ट एक्सन, इसीमोड, आइ यू सि एन, हेल्भेटास, विश्व वन्यजन्तु कोष नेपाल, एनसाव, वन पैदावार विकास समिति, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ, टि सी एन, वन विज्ञान अध्ययन संस्थान, वन संग सम्बन्धित पेशागत संघ संगठनका पदाधिकारी र पत्रकारहरुको सहभागिता रहेको छ ।

.........................

(चन्द्रमान डंगोल)

प्रवक्ता

वन विभाग

मिति २०७३।११।०८